१८५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## <u>आदेश</u>

**मु.नं. १८६/२०७१/०७२**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ..............................................................१ निवेदक

**<u>विरूद्ध</u>**

जिल्ला शिक्षा अधिकारी (कार्यालय प्रमुख), जिल्ला शिक्षा कार्यालय, मुगु ...............................१ विपक्षी

सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, मुगु ..............................................................१

**विषय :- <u>सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।</u>**

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला शिक्षा कार्यालय, मुगु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०१ र २०७१।०९।०८ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।१३ को आदेश कार्यान्वयनका लागि मिति २०७१।०९।१६, च.नं. ७२०/३४० को पत्रबाट जिल्ला शिक्षा कार्यालय, मुगुमा पठाइएकोमा तहाँको मिति २०७१।१०।२९, च.नं.५८९ को पत्र मार्फत निवेदकले माग गरेको सूचनाका सम्बन्धमा विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत कम्पोनेन्ट नं. ८.२.१९ मा ICT Plan कार्यक्रमको लागि तोकिएको बजेट तेश्रो चौमासिकमा रहेको र शिक्षा विभागबाट उक्त तेश्रो चौमासिक रकमको वैदेशिक फुकुवा नदिएकोले उक्त अनुदान रकम कुनै पनि विद्यालयमा निकासा नभएको भन्ने जानकारी पत्र आयोगमा प्राप्त हुन आएको । यस आयोगको मिति २०७२।०२।२२, च.नं. १३५४ को पत्रबाट सोही ब्यहोराको सूचना निवेदकलाई दिनू भनी विपक्षी जिल्ला शिक्षा कार्यालय, मुगुमा पत्राचार समेत भएको र निवेदकले उक्त सूचना सम्बन्धित कार्यालयबाट प्राप्त नगरेमा फाइल संलग्न पत्रको प्रतिलिपिबाट उपलब्ध गराउन सकिने नै हुँदा यस सम्बन्धमा थप केही गर्नुपर्ने देखिएन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।